आज मिति २०७७।०७।०४ गते सन्धिखर्क नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री कमल प्रसाद भुसालज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ;

का.पा.बै.न. ३६

३–७७/०७८

| क. स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | कमल प्रसाद भुसाल | अध्यक्ष | |
| २ | ठाकुर कुमार बि. क. | सदस्य | |
| ३ | श्री युवराज बन्जाडे | सदस्य | |
| ४ | श्री मोतिजङ्ग रायमाझी | सदस्य | |
| ५ | श्री लिला गौतम | सदस्य | |
| ६ | श्री कृष्ण प्रसाद श्रेष्ठ | सदस्य | |
| ७ | श्री राजेन्द्र भुसाल / हुम बहादुर घर्ति | सदस्य | |
| ८ | श्री कृष्ण प्रसाद आचार्य | सदस्य | |
| ९ | श्री प्रितम बहादुर थापा | सदस्य | |
| १० | श्री ईश्वरी प्रसाद भुसाल | सदस्य | |
| ११ | श्री देवि बहादुर रायमाझी | सदस्य | |
| १२ | ~~श्री लक्ष्मीनारायण चुदाली~~ / रुपीकेश भुसाल | वडा सदस्य | |
| १३ | श्री धुर्बराज आचार्य | सदस्य | |
| १४ | श्री नारायण खड्का | सदस्य | |
| १५ | श्री लक्ष्मी नेपाली | सदस्य | |
| १६ | श्री मान बहादुर सुनार | सदस्य | |
| १७ | श्री श्रृजना वि.क. | सदस्य | |
| १८ | श्री पदमा भुसाल | सदस्य | |
| १९ | श्री यमकला थापा क्षेत्री | सदस्य | |
| २० | श्री बसन्ता के.सी. | सदस्य | |
| २१ | श्री हिमकला टोमटा | सदस्य | |
| २२ | श्री रुपा वि.क. | सदस्य | |
| २३ | कृष्णप्रसाद सापकोटा | सदस्य सचिव | |

निर्णय नं १ :

- नेपाली हिन्दु धर्मावलम्बीहरुको महान पर्व विजया दशमी, शुभ दिपावली, नेपाल सम्बत ११४१ तथा छठ पर्वको पावन अवसरमा समस्त स्वदेश तथा विदेशमा रहनु भएका सन्धिखर्क नगरपालिकाबासी आम जनसमुदायमा सुस्वास्थ, सुख शान्ति संवृद्धि तथा उत्तरोत्तर प्रगतिको कामना सहित हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्ने र सो सन्दर्भमा देहायबमोजिम जनहितमा सार्वजनिक सूचना जारी गर्ने ।
- Covid -19 का कारण हाल श्रृजना भएको असहज परिस्थतिमा माता दुर्गा भवानीको शक्तिले Covid-19 बाट संक्रमितलाई संक्रमण ज़ित्ने सफलता मिलोस, संक्रमणको जोखिम न्यून पार्दै कोरोना मुक्त समाज निर्माणको लागि आफू आफ्नो परिवार, छरछिमेक र समाजलाई जोगाउन निम्न उपायहरु अबलम्बन गर्न सम्पूर्ण सन्धिखर्क नगरपालिका निबासी आम जनसमुदायमा सन्धिखर्क नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**तपशील**

१. एक अर्को सँग भेटघाट हुँदा भौतिक दुरी कायम गर्ने र आफ्नै घरपरिवारका सदस्यहरुले मात्र टीकाग्रहण गर्ने, आर्शिवाद लिने, दिने तथा शुभकामना आदानप्रदान गर्ने,

२. अति आवश्यक परेमा बाहेक घरबाट बाहिर ननिस्कने, घरबाट बाहिर निस्कनै परेमा अनिवार्य मास्कको प्रयोग गर्ने,

३. छिटो छिटो मिचिमिचि साबुन पानीले हात धुने,

४. खानेकुरालाई राम्रो सँग सफा पारी पकाएर खाने,

५. बाहिरबाट घरमा फर्कनु भएंका व्यक्तिहरु अनिवार्य रुपमा १४ दिनसम्म होम क्वारेन्टाइनमा बस्ने ।

६. संक्रमणका लक्षणहरु जस्तै; उच्च ज्वरो आउने, सुख्खा खोकी लाग्ने, स्वास फेर्न गाह्रो हुने आदि देखापरेमा नजिकको स्वास्थ्य संस्था वा स्वास्थ्यकर्मीसँग सम्पर्क गर्ने,

७. संक्रमण पुष्टि भएका व्यक्तिहरु अनिवार्य आइसालेसनमा बस्ने,

८. भोज भतेरको आयोजना नगर्ने,

९. महान चाड, विजया दशमीको अवसरमा कोविड Covid-19 को संक्रमणको जोखिमलाई मध्यनजर गर्दे सन्धिखर्क नगरपालिका भित्रका सम्पूर्ण मठमन्दिरहरुमा भौतिक दुरी कायम गरी परम्परादेखि चलिआएका नित्य पुजा गर्ने बाहेकका कार्यमा मानिसहरु भेला भई पशु बलि दिने मेला लगाउने तथा सराय नाँच नाँच्ने जस्ता कार्यहरु नगर्ने ।

१०. चाडपर्व मनाउँदा मितव्ययी भई कम खर्चमा मनाउने ।

निर्णय नं २

- सन्धिखर्क नगरपालिकाको क्षेत्राधिकारभित्र पर्ने बाँगी, जरे र मथुरा खोलाको परामर्श दाताबाट तयार भई आजको बैठकमा प्रस्तुत गरिएको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन IEE स्वीकृत गर्ने र उक्त IEE प्रतिवेदनले सिफारिस गरेको स्थानबाट नदीजन्य पदार्थ उत्खनन् संकलन तथा बिक्रिका लागि ठेक्का व्यवस्थापनको प्रक्रिया अगाडि बढाउने ।

निर्णय नं ३

- आ.व २०७७/०७८ मा सन्धिखर्क नगरपालिकाबाट स्वीकृत योजनाहरुमध्ये उपभोक्ता समितिबाट कार्यान्वयन हुने योजनाहरु कार्तिक मसान्तसम्म सम्झौता गरी सक्नुपर्ने र सम्झौता भएका योजनाहरुको प्रभावकारी रुपमा कार्यान्वयन गरी माघ मसान्तसम्म सम्पन्न गर्ने गरि तदारुकताका साथ कार्य अगाडि बढाउने ।

निर्णय नं ४

- सन्धिखर्क नगरपालिकाको कार्यालयबाट मस्यौदा भई पेस भएका निम्न कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपशील

१.अपाङ्गता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि २०७७

२.बीउ पूँजी चालु कोष सञ्चालन कार्यविधि २०७७

३.बाली तथा पशु बिमा प्रिमियम अनुदान कार्यक्रम कार्यविधि २०७७

४ पशु सुत्केरी भत्ता (गाई, भैसी) अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७७

५.बाँझो जग्गा व्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७

निर्णय नं ५

- सन्धिखर्क नगरपालिकाको वडा नं ७ स्थित खाँचीखोलामा रहेको पार्किङ्ग एरियामा खसेको पहिरो हटाउने मिति २०७७/६/१९ गतेका दिन भएको नगरप्रमुखस्तरीय निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं ६

- कृषि हाटबजार पूर्वाधारको निमित्त सन्धिखर्क नगरपालिकाबाट चालु आ.व २०७७/०७८ मा रु २ करोड विनियोजन भई सो रकमले उक्त कृषि हाटबजारको पूर्वाधारको लागि अपुग भएकोले भएकोले सो पूर्वाधार निर्माणका लागि आवश्यक बजेट विनियोजन गरी उक्त पूर्वाधार निर्माणको कार्य सम्पन्न हुनेगरी थप बजेट उपलब्ध गराउन लुम्बिनी प्रदेश, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई अनुरोध गर्ने ।

निर्णय नं ७

- सन्धिखर्क नगरपालिकाबाट हालसम्म जारी भएका (आर्थिक ऐन र विनियोजन ऐन बाहेकका) ऐन, नियम, निर्देशिका कार्यविधि तथा मापदण्डहरुको एकिकृत रुपमा संकलन गरी (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्डहरुको संगालो ) कानुन संग्रह २०७७ प्रकाशन गर्ने ।

निर्णय नं ८

- सन्धिखर्क नगरपालिकाको हाल प्रयोगमा रहेको लोगो संशोधन गर्नुपर्ने देखिएकोले समग्र नगरपालिकाको विशेषता झल्कने गरी लोगो डिजाइन गरी पेश गर्न सार्वजनीक सूचना आव्हान गर्ने ।

निर्णय नं ९

- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी भएको विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७ कार्यान्वयन गर्नको लागि सामुदायिक विद्यालयहरुले यस नगरपालिकामा पेस गरेको कार्ययोजना नगरकार्यपालिकाबाट अनुमोदन हुने गरी नगरप्रमुखबाट स्वीकृत भएको मिति २०७७/६/१३ को निर्णय अनुमोदन गर्ने ।

निर्णय नं १०

- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी भएको विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७ कार्यान्वयन गर्नको लागि संस्थागत विद्यालयहरुले यस नगरपालिकामा पेस गरेका कार्ययोजना नगरकार्यपालिकाबाट अनुमोदन हुनेगरी नगरप्रमुख स्तरबाट स्वीकृत भएको मिति २०७७/६/१४ को निर्णय अनुमोदन गर्ने ।

निर्णय नं ११

- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट जारी भएको विद्यार्थी सिकाई सहजीकरण निर्देशिका २०७७ को दफा ३० मा संस्थागत विद्यालयहरुले विद्यार्थीहरुबाट असुल गर्ने शुल्क निर्धारण गर्ने जिम्मेवारी स्थानीय तहको भएको व्यवस्था अनुसार नगरप्रमुख स्तरबाट नगरकार्यपालिकाबाट अनुमोदन हुनेगरी भएको निर्णयबाट मासिक शुल्क साविकको शुल्कको ५५ प्रतिशत र दर्ता शुल्क रु. १०००।- हजार निर्धारण गर्ने मिति २०७७/६/१४ को निर्णय अनुमोदन गर्ने ।

निर्णय नं १२

- यस नगरपालिकाको वडा नं. ६ निवासी ३८ वर्षिय श्री मानबहादुर रानाभाट मोटरसाइकल दुर्घटनामा परी ढाँच भाँचिएर गम्भिर घाइते हुनु भएकोमा सिघ्र स्वास्थ्य लाभको कामना गर्दै निजलाई रु.३५,०००।- (अक्षेरुपी पैतिस हजार मात्र) आर्थिक सहायता उपलब्ध गराउने ।

निर्णय नं १३

- Covid -19 काबाट संक्रमित हुनु भएका नगरवासीहरुलाई सन्धिखर्क नगरपालिका नगरकार्यपालिकाद्धारा सिघ्र स्वास्थ्य लाभको कामना गर्ने ।

निर्णय नं. १४

- स्थानीय तहमा खेलकूद पूर्वाधार निर्माण सम्बन्धी कार्यविधि, २०७५ र नेपाल सरकार युवा तथा खेलकूद मन्त्रालयको नमूना खेलग्रामको अवधारणा एवं उक्त मन्त्रालयको मिति २०७७/०६/०५ को सूचना अनुसारको आयोजनाको सन्धिखर्क नगरपालिका वडा नं. १ मा अवस्थित वार्दि क्रिकेट मैदानलाई छनौट गरी कार्यविधिले तोकेको ढाँचामा प्रस्ताव तयार पारी युवा तथा खेलकूद मन्त्रालयमा पठाउने । साथै उक्त पूर्वाधार निर्माणको लागि ३० प्रतिशत लागत साझेदारी हुने गरी श्रोत सुनिश्चितता गर्ने ।